# शिवसताक्षी नगरपालिका

## स्थानीय राजपत्र

**भाग २ खण्ड ८ संख्या ८ मंसिर २०८१**

### शिवसताक्षी व्यवसायिक कृषि प्रर्वद्धन का.र्यक्रम (Shivasatakshi– CAP) संञ्चालन कार्यान्वयन कार्यविधि , २०८१

**नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०८१-०८-१४**
**प्रमाणिकरण मितिः २०८१-०८-२८**
**राजपत्र प्रकाशन मितिः २०८१-०८-२८**

**पृष्ठभुमी**

शिवसताक्षी नगरपालिका कृषि व्यवसाय प्रवर्धन ऐन, २०७९ को दफा ३६ को अधिकार प्रयोग गरी शिवसताक्षी नगरकार्यपालिकाले **"शिवसताक्षी व्यवसायिक कृषि प्रर्वद्धन कार्यक्रम (Shivasatakshi – CAP) संञ्चालन कार्यान्वयन कार्यविधि , २०८१"** स्वीकृत गरेको छ ।

**परिच्छेद–१**

**१. संक्षिप्तनाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "शिवसताक्षी व्यवसायिक कृषि प्रर्वद्धन कार्यक्रम कार्यविधि , २०८१" रहेको छ ।

ख) यो कार्यविधि शिवसताक्षी नगरपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः–

क) शिवसताक्षी व्यवसायिक कृषि प्रर्वद्धन भन्नाले कृषकहरुलाई बजारको मागमा आधारित व्यवसायिक रुपमा कृषि उत्पादन तर्फ आकर्षित गर्न सरोकारवालाहरुसंग छलफल , बजार समन्वय , तालिम,भ्रमण तथा अनुदानमा पूँजी सहितको व्यवसायिक मौसमी/बेमौसमी खेती कार्यक्रम सम्झनु पर्दछ ।

ख) "क्याप" भन्नाले बजार उन्मुख कृषकहरुको मागमा आधारित व्यवसायिक कृषि उत्पादन कार्यक्रम बुझ्नु पर्दछ ।

ग) “कृषक” भन्नाले व्यवसायिक कृषि उत्पादन कार्यक्रममा संलग्न नेपाली नागरिक बुझ्नु पर्दछ ।

घ) “सम्बन्धित नगरपालिका” भन्नाले शिवसताक्षी नगरपालिका, झापा सम्झनु पर्दछ ।

ङ) “समिति” भन्नाले सम्बन्धित “शिवसताक्षी नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०७९” बमोजिमको प्रस्ताव सिफारीस तथा मुल्याङ्कन समितिलाई सम्झनु पर्दछ ।

च) “समुह” भन्नाले समितिले छनोट गरेका नगरमा दर्ता भएका समुह सम्झनु पर्दछ ।

**३.लक्ष्यः**–यस कार्यविधिको लक्ष्य देहायबमोजिमको रहेको छ :–

क) शिवसताक्षी नगरपालिकाभित्र रहेका कृषक /कृषक समुह घरपरिवारको व्यवसायिक कृषिको मध्यमबाट आम्दानी वृद्धि गर्नु ।

**४.उद्देश्यः**– यस कार्यविधिको उद्देश्य देहायबमोजिमको रहेको छः–

क) शिवसताक्षी नगरपालिकाभित्र रहेका उच्च मुल्य भएका वस्तुहरुको मुल्यश्रृंखलाको विकास गरी यसमा संलग्नभएका कृषकहरु/कृषक समुहको मुनाफा बढाउन सहयोग गर्ने ।

ख) निर्वाहमुखी खेति प्रणालीबाट कृषक/कृषक समुहहरुलाई बजारको मागमा आधारित व्यवसायिक खेतितर्फ आकर्षण गर्नमा सहयोग गर्ने ।

ग) कृषक/ कृषक समुहहरुलाई बजारसंग समन्वय तथा सहकार्य गरेर , बजारको मूल्य सुचना संकलन गरि ब्यवसायिक खेतीबाट उनीहरुको आम्दानी बढाउन प्रोत्साहन गर्ने ।

घ) कृषक/कृषक समुहको कृयाकलापहरुलाई उनीहरुको मागमा आधारित बनाउन , सम्बन्धित कृषकहरुको स्वःनिर्णय, उनीहरुको सक्षमता तथा सम्बन्धतालाई ध्यानमा राखेर कार्यक्रम संचालन गर्ने ।

ङ) कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

## परिच्छेद – २

शिवसताक्षी व्यवसायिक कृषिप्रर्वद्धन कार्यक्रम संचालन विधि,

**५ . कृषक/ कृषक समुहको मागमा आधारित बजार उन्मुख मौसमी/बमौसमी कृषि उत्पादनकार्यक्रमः**- यस कार्यविधि अन्तरर्गत देहायबमोजिमकाकार्यक्रम संचालन गरिने छन ।

क) शिवसताक्षी व्यवसायिक कृषि उत्पादन कार्यक्रम (मागमा आधारित मौसमी/ बेमौसमी तरकारी/खाद्यन्न/दलहन/तेलहन तथा अन्य बजारमुखि खेति कार्यक्रम)

**६. शिवसताक्षी व्यवसायिक कृषि उत्पादन कार्यक्रम छनौटका आधारहरु :–** बजारमुखी कृषि उत्पादन कार्यक्रम संचालननार्थ व्यवसायिक खेति गर्ने कृषक तथा क्षेत्र छनौटको अधार देहाय बमोजिमको हुनेछ ।

क) कार्यक्रम संचालन हुने स्थल कन्काई नहर जल उपभोक्ता संस्था र कन्काई सिंचाई व्यवस्थापन कार्यालय संगको समन्वयमा समितिले गर्नेछ ।

ख) कार्यक्रम स्थल कन्काइ सिचाइ प्रणालीको कमाण्ड क्षेत्रभित्र हुनुपर्ने छ ।

ग) व्यबसाय संञ्चालन गर्दा कृषकले जग्गा भाँडामा लियर संञ्चालन गर्न सकिने छ । कृषक नगरपालिकाको स्थाई बासिन्दा हुनुपर्ने छ ।

घ) बजारमुखी कृषि उत्पादन कार्यक्रमका लागी सम्बन्धित कृषकहरुले कुल लागतको ५०% ब्योहोर्नु पर्नेछ ।

ङ) बजारमुखी कृषि उत्पादनमा अग्रसर कृषक समुह तथा कृषकहरुलाई प्राथामिकता दिईने छ ।

च) यस कार्यक्रममा सामान्य तरकारी खेती गरी स्थानीय साना बजारहरुमा बिक्रि गरिरहेका मध्यम कृषकहरुलाई प्राथमिकता दिईने छ ।

छ) २ वर्षको अवधिभरी यो कार्यक्रम सं चालन हुनेछ तर पहिलो वर्षको प्रगतिको आधारमा कार्यक्रमलाई निरन्तरता दिने नदिने भन्नेबारे नगरपालिकाले निर्धारण गर्ने छ ।

ज) गत आ.व. मा तराई संचित कृषि प्रवर्धन प्राविधिक सहायता परियोजना (TCP-PIAT) संगको सहकार्यमा सञ्चालन भएका मोडेल साईटहरको प्रगति विवरणको आधारमा यस आ.व. मा निरन्तरता दिन सकिने छ ।

झ) अर्गानिक खेती प्रणालिलाइ प्राथमिकता दिइनेछ ।

**७) शिवसताक्षी व्यवसायिक कृषि प्रवर्द्धन कार्यक्रम संञ्चालन प्रक्रिया-**

**कृयाकलापहरु**

| क्र. सं. | विवरण | सहभागीहरु | कृयाकलापहरु | बजेट | समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कृषक/ कृषक समुह/ कृषि फर्म/कृषि सहकारीमा अभिमुखिकरण गोष्ठि | समुहको सबै सदस्यहरु,एग्रोभेट,तरकारी ब्यापारीहरु, कृषि यान्त्रिकरण सप्लार्यसहरु | लक्षित कृषक/ कृषक समुह/ कृषि फर्म/कृषि सहकारीलाइ शिवसताक्षी व्यवसायिक कृषि प्रर्वद्धनको बारेमा जानकारी दिने । य स कार्यक्रम अन्तर्गत गरिने क्रियाकलापहरुको बारेमा जानकारी ,ब्याबसायिक कृषिमा ध्यान दिनु पर्ने महत्वपुर्ण बुदाहरु, व्यवसायिक कृषि मा लैङ्गिक अवधारणा,सहभागितामुलक आधारभुत सर्बेक्षण गर्ने,बजारको छनौट तथा बजार भ्रमणको बारेमा जानकारी गराउने, | खाजा रकम मात्र उपलब्ध हुने | १ दिन | |
| २ | बजार भ्रमण तथा अन्य कृषि फार्म भ्रमण | समुहको प्रतिनिधिहरु | उत्पादन समुहका सदस्यहरुले बजार प्रतिनिधि छनौट गर्दछन ।<br>समहुका सदस्यहरुलाई बजार भ्रमणको लागी बजारको पूर्व जानकारी लिई सोहि अनुसार सहयोग गरिने छ र कृषकले अनुसुची १ अनुसार फर्म भर्नुपर्नेछ ।कृषकको मागमा आधारित नमुना कृषि फर्महरुमा कृषकहरुलाई भ्रमण गराईनेछ । | बजारको दुरि हेरि यातायात खर्च उपलब्ध गराउने प्रत्येक सहभागीहरु लाई खाजा र खाना, समावेश गरिनुपर्ने | | |
| ३ | कार्य योजना तयारी (तालिम संचालन) | उत्पादक समुहको सदस्यहरु फिल्ड सहजकर्ता | कृषकहरुले मौसम अनुसारको बाली छनौट गरे पश्चात प्रत्येक कृषक सदस्यहरुले कति क्षेत्रफलमा बाली लगाउने र उत्पादन लागतमा समेत हिसाब गर्नेछन् ।<br>कृषकको अनुभव , बजारको सुचनाको आधारमा | तालिमको खर्च | १ दिन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | कुन कुन बाली लगाउने र कति लगाउने निर्धारण गरी कृषकहरुले बालि पात्रो तयार गर्नेछन् । | | | |
| ४ | नर्सरी ब्यवस्थापन तालिम | उत्पादक समुहका सदस्यहरु फिल्ड सहजकर्ता, कृषि प्राबिधिकहरु | अगुवा कृषकको जग्गामा छनौट भएका बालीहरुको नर्सरी तयार गर्नेछन जसमा नर्सरी सम्बन्धी प्रयोगात्मक र शैद्धान्तिक दुवै ज्ञान हासिल गर्नेछन । | तालिमको खर्च | १ दिन | |
| ५ | कृषकको मागमा आधारित तालिम | उत्पादक समुहका सदस्यहरु फिल्ड सहजकर्ता, कृषि प्राबिधिकहरु | अगुवा कृषक /कृषक समुहले तयार गरेको बाली पात्रो अनुसार कृषकको मागमा आधारित प्रयोगात्मक र शैद्धान्तिक दुवै स्थलगत तालिमहरु(बाली रोपण , रोग किरा ब्यबस्थापन , बजारीकरण) संचालन गरिनेछ । | तालिमको खर्च | १ दिन | |
| ६ | बार्षिक समिक्षा | उत्पादक समुहका सदस्यहरुकृषि प्राबिधिकहरु | कृषि प्राविधिकले कृषक/ कृषक समुह/ कृषि फर्म/उद्यमी/ कृषि सहकारी को कार्ययोजनाको पुरावलोकन गरी अनुसुची ३ बमोजिम आगामी दिनको योजना तयार गर्नेछन् । गत बर्ष लगाएका बालीहरुको लेखाजोखा गरी, अर्को बर्षको लागी अनुभव लिने छन् । | खाजा मात्र उपलब्ध हुने | १ दिन | |
| ७ | अन्तिम सर्बेक्षण | उत्पादक समुहका सदस्यहरुकृषि प्राबिधिकहरु | २ बर्ष कार्यक्रम संचालन भएपछी अनुसुची २ मा प्रयोग गरिएको फारम अनुसार कृषकहरुको खेती तथा आम्दानी संकलन गरिनेछ । | खाजा मात्र उपलब्ध हुने | १ दिन | |
| ८ | प्राबिधिक अनुगमन | कृषि प्राबिधिक | नियमित अनुगमन | | | |

**अनुदान प्रवाह प्रकृयाः** अनुदान सहयोग उपलब्ध गराउने प्रकृया देहाय बमोजिम हुनेछ ।

१. शिवसताक्षी व्यवसायिक कृषि प्रवर्द्धन कार्यक्रमको लागी शिवसताक्षी नगरपालिका नै अख्तियार हुनेछ ।

२. शिवसताक्षी व्यवसायिक कृषि प्रवर्द्धनद्धारा संचालित कार्यक्रममा छनौट भएका बालीहरुको आधारमा अनुदान प्रवाह गरिने छ । जसमा विउ विजन तथा आवश्यक सामाग्रिहरुमा **५०%** अनुदान उपलब्ध गराईने छ ।

३. नेपाल सरकारको प्रचलित ऐन , नियम बमोजिम शिवसताक्षी नगरपालिकाले अग्रसरता लिई सम्बन्धित कृषकहरुद्धारा पारदर्शिता अपनाई कार्यक्रम संञ्चालन गर्नुपर्नेछ ।

**८) कार्य सम्पन्न प्रतिवेदनः-** आर्थिक वर्षको अन्त्यमा कार्य सम्पन्न सम्बन्धित प्रतिवेदन पालिकाको कार्यालयको अनुसुची २ को ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ । शिवसताक्षी व्यवसायिक कृषि प्रवर्द्धन आयोजना कार्यक्रमको वार्षिक रुपमा प्रगति प्रतिवेदन तयार गर्नुपर्ने छ ।

**९) अनुगमन तथा मूल्याङ्कन व्यवस्थाः -** शिवसताक्षी नगरपालिका, बाट नियमित रुपमा अनुगमन गरिनेछ । अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन नगरपालिकामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**११) प्रचलित कानुन लागु हुनेः-** शिवसताक्षी व्यवसायिक कृषि प्रर्वद्धन कार्यक्रम कार्यन्वयन सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भए बमोजिम कार्यन्वयन हुनेछ ।

**१२) कार्यविधि संसोधन तथा परिमार्जनः-** शिवसताक्षी नगरपालिकाले यस कार्यविधिमा आवश्यक परिमार्जन तथा संशोधन गर्नसक्नेछ ।

अनुसुची १

**बजार सर्बेक्षण फारमको ढाँचा**

मिति बजारको नाम

संलग्न सदस्यहरु

| ब्यापारीको नाम | सम्पर्क नम्बर | लक्षित तरकारी र जात | अत्याधिक माग हुने समय (महिनाको नाम) | मूल्य (रु./केजि) | परिमाण मात्रा र आपुर्तिको पटक | भुक्तानी अबधि | थोक तथा खुद्रा ब्यापारीकव अपेक्षा | थोक तथा खुद्रा ब्यापारीको अबस्था |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | /दिन /हप्ता /महिना | /दिन /हप्ता /महिना | | |
| | | | | | /दिन /हप्ता /महिना | /दिन /हप्ता /महिना | | |
| | | | | | /दिन /हप्ता /महिना | /दिन /हप्ता /महिना | | |
| | | | | | /दिन /हप्ता /महिना | /दिन /हप्ता /महिना | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | /दिन<br>/हप्ता<br>/महिना | /दिन<br>/हप्ता<br>/महिना | | |
| | | | | | /दिन<br>/हप्ता<br>/महिना | /दिन<br>/हप्ता<br>/महिना | | |

अनुसुचि–२

शिवसताक्षी व्यवसायिक कृषिप्रर्वद्धन सम्बन्धि कार्यक्रममा प्रगति विवरण पठाउने फारामको ढाँचा

१. कृषक/कृषकसमुह/ कृषिफर्म/कृषि सहकारीहरुको नामः- -

२.ठेगानाः-

कन्काइ नहर शाखा नं............................ प्रशाखा नं........................

३. आ.व. ४. प्रगति प्रतिवेदन अवधिः- चौमासिक/वार्षिक

**क.चेतना मुलक कृयापकलापहरु**

| क्र.सं. | कार्य विवरण | ईकाइ | लक्ष्य | प्रगति | सहभागी महिला | सहभागी पुरुष | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कृषक अभिमुखिकरण गोष्ठि | | | | | | |
| २ | बजार भ्रमण | | | | | | |
| ३ | नमुना फार्म तथा ब्यवसायिक खेतीको अबलोकन भ्रमण | | | | | | |
| ४ | बालि छनौट र कार्ययोजना तयारी | | | | | | |

**ख. खेतीको कृयाकलापहरु**

| क्र.सं. | कार्य विवरण | ईकाइ | लक्ष्य | प्रगति | जम्मा उत्पादन (केजि) | कुल आम्दानी (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

आइपरेकाबाधा अड्चनहरु

-

-

-

समाधानकालागि सुझावहरु

-

-

-

प्रति इकाई उत्पादित पदार्थको स्थानिय बजारको विक्रि मूल्यः-

१. ................

२. ...............

तयार गर्नेको नामः-

पदः-

दस्तखतः

मितिः-

अनुसुचि–३

शिवसताक्षी **व्यवसायिक कृषि प्रर्वद्धन कार्यक्रम (Shivasatakshi – CAP)** सम्बन्धि संक्षिप्त कार्ययोजना

कृषक/ कृषक समुह/ कृषि फर्म/उद्यमी/ कृषि सहकारी को नाम थरः - सम्पर्क नम्बर .................

ठेगानाः- गाउँ/टोल..................वार्ड नं..............शिवसताक्षी नगरपालिका, झापा जिल्ला

कन्काइ नहर शाखा नं.............................. प्रशाखा नं..........................

सदस्य संख्या: महिला....................... पुरुष................................ जम्मा ...............................

**क. खेती योजना**

| मौसम | बालीको नाम | क्षेत्रफल (बिगा-कठ्ठा-धुर) | अनुमानित उत्पादन (केजि) | बिक्रि दर रु. | कुल आम्दानी रु. | बजार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

ख. **संचालन गरिने कार्य विवरणः-**

| क्र.सं. | संचालन गरिने क्रियाकलाप(दफा ७ को ङ अनुसार) | कार्यालयको अनुदान सहयोग | निजि लगानी | जम्मा लागनी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

.......... खेती गरेको भए, विगत कति वर्ष देखि.............निरन्तर गरि रहेको ? वर्ष.....महिना....... खेतीको लागि श्रमको व्यवस्थापनः- क) पारिवारिक ख) बाहिरबाट ग) दुवै तर्फबाट

सहि गर्नेको

नामः-कृषक समुह/उद्यमीको छाँप

पदः-

दस्तखतः- मितिः-

**आज्ञाले**

**सुनिता तुम्बाहाम्फे**

**प्रमुख प्रशासकीय अधिकृत**